# थासाङ गाउँपालिकाको लैससास रणनीति
# २०७९



गाउँकार्यपालिकाको कार्यालय

थासाङ गाउँपालिका

कोबाङ, मुस्ताङ

बिषयसूची


परिच्छेद १ः पृष्ठभूमि तथा परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.३ विद्यमान समस्या र चुनौति ........ २
१.४ लैससास नीतिको औचित्यता ........ ३
१.४ लैससास रणनीति निर्माणको उद्देश्यहरू ........ ४
१.५ संक्षिप्त नाम र परिभाषा ........ ४
परिच्छेद २ः लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ विश्लेषण, लक्षित समूह, लैससा सम्बन्धी सवाल एवम् सरोकारवाला विश्लेषण ........ ७
२.१ थासाङ गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था विश्लेषण ........ ७
२.२ लक्षित समुदाय नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिँचान ........ ८
२.३. लैससासका क्षेत्रमा क्रियाशिल सरोकारवाला पहिंचान र उपलब्ध सेवा तथा कार्यक्रमहरू........ ९
२.३.२. लैससास क्षेत्रमा सरोकारवालाहरूको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था........ १०
परिच्छेद ३ः थासाङ गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण ........ १२
परिच्छेद ४ः लैससास मूलप्रवाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्य मान्यता र औचित्यता ........ १४
४.१. लैससास मूलप्रवाहिकरण रणनीतिको परिकल्पनाः ........ १४
४.२. ध्येयः ........ १४
४.३. लक्ष्यः ........ १४
४.४. रणनीतिक उदेश्यहरुः ........ १४
४.५. लैससास मूलप्रवाहिकरण रणनीतिको मुल्य मान्यता ........ १४
परिच्छेद ५ः प्रमुख रणनीति तथा कार्यनीतिहरू ........ १५
परिच्छेद ६ः लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति कार्यान्वयन तथा अनुगमन........ १९
६.१. लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको कार्यान्वयन ........ १९
६.१.१. लैससास मूलप्रवाहिकरणका लागि संस्थागत संयन्त्र........ १९
६.२. समन्वय एवम् साझेदारी ........ २०
६.३. अनुगमन प्रणाली ........ २०
६.३.१. लैगिक समानता तथा सामाजिक समावेशी बजेट परिक्षण........ २०
६.३.२. अनुगमन संयन्त्र गठन तथा परिचालन........ २०
६.३.३ निष्कर्षः ........ २२
अनुसूचीहरू........ २३
अनुसुची १ः लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना ........ २३
अनुसुची २ः अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची........ २७

## तालिकासूची

तालिका १: थासाङ गाउँपालिकाका लक्षित समूहका सवालहरू........................................... ८
तालिका २: सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी........................................ १०
तालिका ३: थासाङ गाउँपालिकाको लैससासका सबल पक्ष तथा कमजोर पक्ष ........................ १२
तालिका ४: थासाङ गाउँपालिकाको लैससासका अवसर र चुनौती........................................ १३
तालिका ५: थासाङ गाउँपालिकाका रणनीति तथा कार्यनीतिहरू ........................................... १५
तालिका ६: लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना................................. २३

## संक्षिप्त रूप

| | |
|---|---|
| BPFA | Beijiing Platform of Action |
| CEDAW | Convention on the Elimination of All Forms of Discrimination Against Women |
| CRC | Child Rights Convention |
| आ.व. | आर्थिक वर्ष |
| गा.पा. | गाउँ पालिका |
| नं. | नम्बर |
| मि.मि. | मिलि मिटर |
| लैससास | लैङ्गिक समानता र सामाजिक समावेशीकरण |

# परिच्छेद १: पृष्ठभूमि तथा परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरूको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास सम्बन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

लैङ्गिक समानता र सामाजिक समावेशिकरण सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० ले ससस्त्र द्धन्द्धको समय र द्वन्द्ध पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन सुनिश्चित गरेको छ । सन १९९५ को बेइजिङ सम्मेलनको घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरू समावेश गरिएको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं. ५ ले लैङ्गिक समानता र लक्ष्य नं. १६ ले दिगो विकासको लागि शान्तिपुर्ण तथा समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समावेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरूको स्थानीयकरण गरी गाउँपालिकालाई लैससासमैत्री बनाउन लैससास मूलप्रवाहिकरण रणनीतिले मार्गर्दिश गर्ने विश्वास गरिएको छ ।

थासाङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । मुस्ताङ जिल्लाका साविकका टुकुचेको (१ र ७) वडाहरू, कोवाङ, लेते र कुञ्जो गाउँ विकास समितिहरूलाई समेटेर थासाङ गाउँपालिका घोषणा गरिएको हो । थासाङ गाउँपालिकाको क्षेत्रफल २८९ वर्ग किलोमिटर रहेको छ । यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा घरपझोङ गाउँपालिका र म्याग्दी जिल्ला,

पश्चिममा म्याग्दी जिल्ला, उत्तरमा बाह्रगाउँ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिका र दक्षिणमा म्याग्दी जिल्लासम्म छ ।

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका, समुन्द्र सतहबाट न्यूनतम २००० मिटर उचाईदेखि ५००० मिटर सम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छ। गाउँ क्षेत्रको तल्लो भेगमा समशितोष्ण र माथिल्लो भेगमा चिसो लेकाली हावापानी पाइन्छ ।

हिमालपारिको जिल्लामा अवस्थित यस गाउँपालिका भएको कारण यस गाउँपालिकामा ज्यादै कम वर्षा हुन्छ । औषत वार्षिक वर्षा तल्लो भागमा २०० मि.मि. र माथिल्लो भागमा हिमपात हुन्छ । समुन्द्री सतहबाट निकै उचाईमा रहेको यो गाउँपालिकामा चिसो हावाचल्छ । गृष्म महिनामा यहाँ अधिकतम तापक्रम २६ डिग्रि सेल्सियस सम्म पुग्छ भने चिसो महिनामा तापक्रम —५ डिग्रि सेल्सियस भन्दा तल झर्दछ । गाउँपालिकाको दक्षिण तल्लो भेगमा प्रायःजसो समशितोष्ण चिसो हावापानी पाइन्छ भने उत्तरी भेगमा चिसो लेकाली हावापानी पाइन्छ ।

यस गाउँपालिकामा धेरैजसो बौद्धहरुको बसोबास रहेको देखिन्छ । त्यसैले यहाँका प्रत्येक ऐतिहासिक तथा धार्मिक स्थलहरुमा बौद्धहरुकै गुम्बाहरु मात्र भेटिएको छ । यहाँका ऐतिहासिक स्थलहरुमा ऐतिहासिक चिनारी भएको क्यूपर गुम्बा, युम्बा नुर्वा गुम्बा, नर्साङ गुम्बा तथा अरु पुराना गुम्बाहरु र हिमालहरुको मनोरम दृश्य आदी देख्न पाइन्छन् ।

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरु हुन् । थासाङ गाउँपालिका जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतीहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु यहाँ मनाइने गर्दछ । आम नेपालीको लागि नै साझा चाडपर्वको रुपमा मनाइने जनैपूर्णिमा, फागु पूर्णिमा, दशैं तिहार बाहेकका यहाँ क्षेत्री बाह्मणका तथा थकालीले तिज, गुरुपूर्णिमा, रक्षाबन्धन, मगर तथा तामाङको ल्होसार, लगायतका चाडपर्वहरु यस क्षेत्रमा मनाइने महत्वपूर्ण चाडपर्व रुपमा रहेका छन् ।

यस गाउँपालिकाको कुल जनसंख्या ३,१०९ रहेको छ । जसमा पुरुष जनसंख्या १,६०४ रहेको छ, भने महिला जनसंख्या १,५०५ रहेका छ । यहाँ मगर, क्षेत्री, ब्राह्मण, थकाली, कामी, ठकुरी, सार्की, राई, दमाई गुरुङ्ग, तमाङ्ग लगायतका जातजातिको बाहुल्यता रहेको छ । कोवाङमा थकालीको (३१२) जनसंख्या बढी रहेको छ त्यस्तै टुकुचे र लेतेमा थकाली बढी छन् भने कुञ्जोमा कामी (२४८) जातीको जनसंख्या बढी देखिन्छ (थासाङ गाउँपालिकाको वस्तुस्थिति विवरण २०७७) ।

## १.३ विद्यमान समस्या र चुनौति

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बहु—क्षेत्रगत सवाल हो । त्यसकारणले विगतमा बिभिन्न मन्त्रालय तथा कार्यालयहरूले लैससास नीति तथा मार्गदर्शन तयार गरेतापनि केन्द्र देखि स्थानीय सरकारहरूले लैससास नीति बनाई नसकेको र निर्माण गरिएको नीति तथा कार्यक्रमहरूको पनि प्रभावकारी कार्यन्वयन हुन सकिरहेको छैन । नीति तथा कार्यक्रमहरूको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका समुहको आवश्यकता सम्बोधन गर्न सकिएको अवस्था अझै पनि छैन । फलस्वरुप बिभिन्न सरकारी कार्यालयहरूले प्रदान गर्ने सेवा तथा सुविधाहरूमा महिला, दलित तथा पछाडि परेका समुदायको

पहुँचमा र निर्णय गर्ने क्षमतामा कमी हुन गयो र उनीहरूले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी वा लैङ्गिक संवेदनशील हुनसकेन ।

यसको साथै सबै कार्यालयमा लैससासलाई मूलप्रवाहीकरण गर्नको लागि संरचनाहरूको कमी र यस विषयमा सबैको जानकारी समान रुपमा भएन जसले गर्दा लैससास विषयलाई सबैले गम्भिर रुपले आन्तरिकिकरण गर्न सकेनन् । यसैगरी सबैजसो प्रदेश सरकार र स्थानीय सरकारले लैससासको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जुमा गरिनसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किएको छ । फलस्वरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीका आधारभूत पक्षहरू समेत ओझेलमा परेका छन्। जसले गर्दा लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा महिला, दलित तथा पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सीमित हुन पुगेकोछ ।

नेपालमा घरेलु हिंसा दिनदिनै बढ्दै गइरहेको सन्दर्भमा गाउँपालिकाले लैससासको अवधारणालाई व्यवहारिक रुपमा सफल कार्यन्वयन गर्न अहिले झनै चुनौतिपूर्ण हुनपुगेको छ । त्यसैले लैससासको लागि राजनीतिक प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको परिचालन र जनचेतना अभिबृद्धि गरी गाउँपालिकाका हरेक विकास योजना तथा कार्यक्रमहरूमा लैससासलाई मूलप्रवाहीकरण गर्ने सोँच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर—निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्य यस गाउँपालिकाको लागि पनि चुनौतीका रूपमा रहेको छ ।

## १.४ लैससास नीतिको औचित्यता

प्रथमतः लैङ्गिक समानता तथा सामाजिक समावेशीताबारे नेपालको संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, बिगतमा निर्माण भएका नीति, नियम, ऐन, कानुन, कार्यविधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालले बिगतमा भोगेका समस्या तथा चुनौतीहरूलाई मध्यनजर गर्दै तिनीहरूको समाधान गाउँपालिकाले प्रभावकारी रुपमा गर्न यो नीतिको औचित्यता महसुस गरिएको हो ।

संविधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच स्थापित गरी गाउँपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र नीतिगत रुपमा पहल गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति बनाएर अघि बढ्न सान्दर्भिक हुन्छ ।

संविधान प्रदत्त अधिकारको प्रयोग गरी थासाङ गाउँपालिकाको लागि यो ३ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९" तयार गरिएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँपालिकावासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछन् ।

**नाम र प्रारम्भः** यस रणनीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९" रहनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## १.४ लैससास रणनीति निर्माणको उद्देश्यहरू

यस रणनीतिको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पुर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो विकास बनाउन आर्थिक स्रोतको सुनिश्चतता, उपलब्धी तथा लाभको समतामूलक बितरण र उपयोगी बनाउने रहेको छ ।

- ✓ गाउँपालिकाको नीति, कानुन, योजना, कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैससास मूलप्रवाहिकरण रणनीति मार्फत लैससासमैत्री, संवेदनशिल तथा उत्तरदायि बनाउन सहयोग गर्नु ।
- ✓ लैंससाससँग अन्य सम्बन्धीत मुद्धाहरूलाई विकास प्रक्रियामा समावेश गर्नु ।
- ✓ महिला तथा पिछडिएका बर्ग समुदायको सशक्तिकरण गर्दै विकासका कार्यक्रमको लाभ प्राप्तीमा न्यायोचित अवसर सुनिश्चित गर्नु ।
- ✓ समाजमा बञ्चितिकरणमा परेका वर्ग, लिंग, क्षेत्रका समुदायलाई सशक्तिकरण माध्ययबाट पारिवारिक तथा स्थानीय स्रोत उपयोगमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्नु ।

## १.५ संक्षिप्त नाम र परिभाषा

**१.४.१. संक्षिप्त नामः** यस रणनीतिको नाम लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रबाहिकरण रणनीति २०७८ रहनेछ । यो रणनीति स्थानीय सरकारले स्विकृत गरेको मीति देखि लागु हुनेछ ।

**१.४.२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) **रणनीति** भन्नाले थासाङ गाउँपालिकाको लैससास मूलप्रकाहिकरण रणनीति २०७८ लाई सम्झनु पर्दछ ।

ख) **गा.पा.** भन्नाले थासाङ गाउँपालिका सम्झनु पर्दछ ।

ग) **लैससास** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ ।

घ) **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण** भन्नाले महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरू बिचको असमान शक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका ब्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

ङ) **लैंङ्गिक मूलप्रबाहीकरण** भन्नाले गाउँपालिकाको बिद्यमान संरचनाहरू र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ ।

च) **लैङ्गिक समानता** भन्नाले समाज तथा राज्यको सबै अंग र तह र क्षेत्रमा महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

छ) **लैङ्गिक समता** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पु¥याउन अवलम्बन गरिने सकारात्मक विभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

ज) **सामाजिक समावेशीकारण** भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

झ) **सामाजिक बञ्चितिकरण** भन्नाले लैङ्गिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

ञ) **बञ्चित समूह** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरिक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

ट) **लैंङ्गिक संवेदनशिल** सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरूमा महिला पुरुष र तेसो लिङ्गीहरूका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरूको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

ठ) **लैंङ्गिकता** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरूलाई दिइने विभेदपुर्ण कामको भूमिका, उनीहरू प्रति गर्ने विभेदपुर्ण सामाजिक व्यवहार र उनीहरूलाई हेर्न असमान दृष्टिकोण लाई जनाउछ ।

ड) **लैङ्गिकमैत्री** समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरूमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका बिशेष आवश्यकताहरू सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहारलाई सम्झनु पर्दछ ।

ढ) **CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

ण) **CRC** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन् १९८९ लाई जनाउछ ।

त) **BPFA** भन्नाले बेइजिङ कार्ययोजना (Beijiing Platform of Action) सन १९९५ लाई जनाउछ ।

थ) **सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुविधाको अवसरबाट बञ्चित र विभेदमा परेका साथै संघीय कानुन बमोजिम मानव बिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

द) **लैङ्गिक उत्तरदायि बजेट** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ ।

ध) **लैङ्गिक प्रभाव विश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै बर्ग, जातजाती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

न) **खण्डिकृत तथ्यांक** भन्नाले सबै जातजाती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एवम् लैङ्गिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था आदि समूहहरूको तहगत तथ्यांकलाई सम्झनु पर्दछ ।

# परिच्छेद २: लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ विश्लेषण, लक्षित समूह, लैससा सम्बन्धी सवाल एवम् सरोकारवाला विश्लेषण

## २.१ थासाङ गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था विश्लेषण

थासाङ गाउँपालिकाको गाउँकार्यपालिकामा प्रतिनिधित्वको अवस्था हेर्ने हो भने महिला सहभागिता करिव ३५ प्रतिशत, दलित १७ प्रतिशत तथा जनजातीको प्रतिनिधित्व ८३ प्रतिशत रहेको छ । समग्रमा महिला, दलित जनजाती संख्या विश्लेषण गर्दा राजनैतिक भूमिकामा सकारात्मक प्रतितिनिधित्व भएपनि निर्णायक भूमिकामा गाउँपालिकाको उपाध्यक्ष मात्र महिला रहेको पाइन्छ । गाउँपालिका अध्यक्ष लगायत वडा अध्यक्षमा महिला सहभागिता सुन्य रहेको छ । गाउँपालिकामा अधिकृत तह वा सो सरहका महिला संख्या १५ प्रतिशत छ । महिला लगायत लक्षित समूहको राजनैतिक भूमिकामा पहुँच बृद्धि गरी निर्णायक तहमा क्रियाशिल हुनका लागि सबै लक्षित समूहमा राजनैतिक चेतनास्तरको र सो सम्बन्धी क्षमता विकासका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आवश्यक छ ।

सामाजिक हिसावले थासाङ गाउँपालिकामा बिभिन्न जातजाती, बर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजाती तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको छ । समाजमा बिद्यमान पित्रृसतात्मक सोच र व्यवहारबाट थासाङ गाउँपालिका केहि फरक रहेको देखिन्छ, मातृसतात्मक संरचनाबाट विकास भएको यहाँको समाजमा महिलाको भूमिका महत्वपूर्ण मानिन्छ र सोहि अनुसार यहाँका महिलाहरू नेपालका अन्य क्षेत्रका महिला भन्दा आर्थिक एवम् सामाजिक रुपले अगाडी देखिन्छन् । यद्यपि अन्य नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद, बोक्सी तथा धामीझाक्री प्रथा, बाल बिबाह, बहु बिबाह, जातिय विभेद, घरेलु हिंसा र लैङ्गिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरूबाट यहाँको अछुतो भने रहन सकेको छैन । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाको समान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला सहभागिता र अवरमा तथा सुचनामा पहुँच न्यून छ ।

थासाङ गाउँपालिकाको कूल जनसंख्यालाई उमेरगत आधारमा हेर्दा यस गाउँपालिकामा १८ वर्ष भन्दा कम उमेर समुहको जनसंख्या जसलाई आश्रित जनसंख्याको रुपमा लिइन्छ, १,१२३ जना रहेका छन् भने वृद्धा तथा आश्रित जनसंख्याको रुपमा मानिने ६० वर्षदेखि माथिको जनसंख्या ४४१ जना रहेका छन् । यसरी कुल आश्रित जनसंख्या १,५६४ जना रहेको छ । यसको तुलनामा युवा तथा सक्रिय जनसंख्या १,५०९ जना रहेका छन् । यस आधारमा यस गाउँपालिकामा आश्रित र सक्रिय जनसंख्या उस्तै-उस्तै रहेको देखिन्छ ।

यहाँ दर्जन बढी भाषाभाषी रहेका छन् । जसमध्ये नेपाली भाषा प्रमुख भाषा समुदायको रुपमा रहेको पाइन्छ । जुन यहाँका ७६.८ प्रतिशत जनसंख्याले बोल्ने गर्दछन् भने यसबाहेक अन्य भाषा समुदाय भित्र २३.२ प्रतिशत जनसंख्या मात्र रहेका छन् । जसले विभिन्न भाषा बोल्ने गरेको पाइन्छ ।

यस गाउँपालिकाको अर्थिक स्रोतको रुपमा मुख्य पेशा कृषि व्यवसाय मानिए पनि केही मात्रामा ब्यापार व्यवसाय, बैदेशिक रोजगारी र ज्यालामजदुरी समेत रहेको पाइन्छ । रोजगारी तथा व्यवसायमा महिलाको एकिन तथ्यांक नभएपनि कम मात्रमा संलग्नता रहेको र समान कामको समान ज्याला सुनिश्चित हुन नसक्दा अर्थतन्त्रमा महिलाको पहुँच न्यून रहेको पाइन्छ । पारिवारिक स्रोत तथा भूमिकामा महिलाको पहुँच न्यून छ ।

## २.२ लक्षित समुदाय नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिँचान

लक्षित समूह र तिनका मुख्य सवालहरू निम्न बमोजिम उल्लेख गरिएको छ ।

### तालिका १: थासाङ गाउँपालिकाका लक्षित समूहका सवालहरू

| थासाङ गाउँपालिकाका लक्षित समूह प्राथमिकिकरण | लक्षित समूहका सवालहरू |
|---|---|
| १. महिला/एकल महिलाका सवालहरू | ✎ नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।<br>✎ महिलाहरूको योजना तर्जुमा प्रक्रियामा अर्थपूण सहभागितामा कमी ।<br>✎ दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमी ।<br>✎ अधिकांस महिलालाई आफ्नो अधिकार र कानुन्बारे जानकारी नहुनु ।<br>✎ गर्भवती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु ।<br>✎ घरेलु हिंसा, लैङ्गिक हिंसा, बलात्कार तथा यौनजन्य दुरव्यवहार र विभेदबाट पिडित हुनु ।<br>✎ पुरुष प्रधान समाज र सोचका कारण लैङ्गिक विभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरू कायमै रहनु ।<br>✎ मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु ।<br>✎ आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण कमी ।<br>✎ शिक्षामा समान पहुँच नहुनु ।<br>✎ गर्भवती महिला तथा सुत्केरी महिलाहरूमा पोषणको कमी ।<br>✎ कार्यलयहरूमा लैङ्गिकमैत्री संरचना तथा व्यवहारको कमी ।<br>✎ चेतनाको कमी । |
| २. बालबालिकाका सवालहरू | ✎ बाल श्रम हुनु, बाल यौन दुरव्यवहार तथा शोषण लगायतका विभेद जन्य कार्यबाट पिडित छन् ।<br>✎ बालविवाह कायमै रहनु र बालबिबाहलाई समाजले सहजै स्विकार गर्नु ।<br>✎ बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बालउद्यान नहुनु ।<br>✎ स्तनपान कक्ष सबै सार्वजनिक स्थानमा नहुनु ।<br>✎ बलिकाहरूमा आत्मरक्षा शिप नहुनु । |
| ३. अपांगता भएका ब्यक्ति | ✎ समान अवसरबाट बञ्चित साथै सार्वजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु ।<br>✎ अपहेलना, अपमानजनक व्यवहार तथा यौनजन्य दुर्व्यवहारको शिकार हुनु ।<br>✎ मानसिक स्वास्थ्य समस्याको सिकार हुनु ।<br>✎ अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमी हुनु ।<br>✎ समान शिक्षाको अवसरबाट बञ्चित, रोजगारीमा पहुँच कमी ।<br>✎ अपांग महिला, बालिका तथा किशोरीहरू यौनजन्य शोषण तथा दुर्व्यवहार र बलात्कारको शिकार बन्नु । |
| ४. ज्येष्ठ नागरिक | ✎ जेष्ठ नागरिकको सूचनामा पहुँच कमी ।<br>✎ जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको व्यवस्था नहुनु साथै घरपरिवारबाट बेवास्ता र अपहेलना गरिनु ।<br>✎ ज्येष्ठ नागरिक माथि अपमानजनक व्यवहार, स्रोतमा पहुँच तथा नियन्त्रण कमी ।<br>✎ परिवार तथा समाजबाट अपहेलीत र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु । |

| | |
|---|---|
| ५.लैङ्गिक तथा यौनिक अल्पसंख्यक | ✎ पहिचान हुन नसक्नु, खुलेर समाजमा आउन नचाहनु ।<br>✎ समान अवसरबाट बञ्चित हुनु ।<br>✎ समाजबाट अपमानजनक व्यवहार तथा विभेदपुर्ण दृष्टिकोण राखु । |
| ६. धार्मिक अल्पसंख्यक | ✎ सुचनामा पहुँच कमी ।<br>✎ समान अवसरबाट बञ्चित, जनचेतनाको कमी । |
| ७. अति बिपन्न समुदाय | ✎ सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य/ मुख्य पेशा ज्यालामजदुरी ।<br>✎ गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित ।<br>✎ सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालित योजना लगायत सेवा सुविधामा पहुँच कमी ।<br>✎ अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु ।<br>✎ निर्णायक तहमा सहभागिताको पहुँच न्यून । |

## २.३. लैससासका क्षेत्रमा क्रियाशिल सरोकारवाला पहिँचान र उपलब्ध सेवा तथा कार्यक्रमहरू

थासाङ गाउँपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशिकरणको क्षेत्रमा क्रियशिल सरोकारवाला निकायहरूको पहिँचान गरी भेन डायग्रामद्धारा प्रस्तुत गरिएको छ ।



### २.३.२. लैससास क्षेत्रमा सरोकारवालाहरूको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था

थासाङ गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्बन्धीत सरोकारवालाहरूको प्राथमिकिकरण गरी उनीहरूसँग निरन्तर समन्वय र सहकार्यका लागि कार्यगत योजना बनाई लागु गरिनेछ । गाउँपालिका अन्तर्गतका सबै बिषयगत शाखा, वडा कार्यालय साथै यस क्षेत्रका सबै सार्वजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था र जिल्ला, प्रदेश र केन्द्र तहका सम्बन्धीत निकाय तथा गैरसरकारी संघसंस्थाहरूसँगको निकटतम समन्वय र सहकार्य गरी स्थानीय जनप्रतिनिधी र कर्मचारीहरूको क्षमता विकास र लक्षित समूहको विकासमा मूलप्रवाहिकरण तथा पहुँच सुनिश्चत गरिनेछ ।

लैससास रणनीतिमा सबै सरोकारवालाहरूको भूमिका निर्धारण गरी कार्यान्वयनका लागि नियमित समन्व तथा सम्बन्ध बिस्तार गरी कार्यान्वयन क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरूले तोकिएको भूमिका प्रभावकारी कार्यान्वयन गरे नगरेको सन्दर्भमा नियमित अनुगमन समेत गरिनेछ । गाउँपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला पहिँचान गरी बुदाँ नं. २.३.१. मा उल्लेख गरिएका सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका २:सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी**

| (क) सरोकारवाला निकायहरू | (ख) भूमिका तथाल जिम्मेवारी |
|---|---|
| १) लक्षित समूहहरू (महिला, दलित, बालबालिका, ज्येष्ठनागरिक सञ्जाल, आमा समूह, महिला समूह तथा सहकारी आदि) | १) प्रमुख सरोकारका लक्षित समूहहरूको सवाल एवम् समस्या तथा आवश्यकताका सम्बन्धमा खण्डिकृत तथ्यांक संकलन गरी आबशयक सुचना उपलब्ध गराउने<br>२) समाजमा बिद्यमान विभेदकारी प्रचलन तथा असमानताका बिरुद्ध अभियान संचालन गर्न योजना बनाई माग गर्ने ।<br>३) उनीहरूका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चत गर्न माग गर्ने । योजना तर्जुमा चरण देखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रुपमा नियमित समन्वय र सहकार्य गर्ने वा गर्न गराउन वकालत गर्ने । |
| २) गैरसरकारी संघसंस्थाहरू | १) कानुनहरूको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>२) महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>३) लैंङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरूलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>४) गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरू सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>५) लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक विभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |

| | |
|---|---|
| ३) निजी क्षेत्र (विकास बैंक, बित्तिय संस्था र उद्योग बार्णिज्य संघ आदि) | १) निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरूमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरूमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>२) महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>३) वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीहरूबाट उत्पादित बस्तुहरूको बजारीकरणका लागि वडा तथा गाउँपालिकासँग समन्वय र सहयोग गर्ने ।<br>४) महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>५) गाउँपालिकासँग समन्वय गरी लक्षित बर्ग उत्थान सम्बन्धी कार्यहरू संचालन गर्ने । |
| ४) अन्य सरकारी तथा सार्वजनिक निकायहरू | १) लैससासमैत्री संरचना निर्माण गरी कार्यप्रणाली अवलम्बन गर्ने ।<br>२) लैससास संवेदनशिल व्यवहार अवलम्वनका लागि आचारसंहिताको पुर्ण पालना गर्ने ।<br>३) सेवा प्रवाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा लाभ एवम् अवसरको बाँडफाँडमा न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने ।<br>४) महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत बञ्चितीमा परेका जनसाधारणलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने ।<br>५) मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य लैङ्गिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मनोबिमर्श सेवाको व्यवस्था गर्ने ।<br>६) लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयन गर्ने गराउने । |
| ५) प्रदेश तथा संघीय सरकार | १) लैससास सम्बन्धी राष्टिय नीति तथा कानुन र अन्तराष्टिय प्राबधानहरूलाई स्थानीयकरण गर्न गाउँपालिका लगायत सरोकारवालाकहरूको क्षमता विकास गर्ने ।<br>२) लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरू पुनराबलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>३) नियमित लैङ्गिक उत्तरदायी बजेट निर्माण र लैसससा परिक्षण गर्न क्षमता विकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| ६) विकास साझेदारहरू | १) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरूको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>२) महिला, दलित, अपांग जेष्ठ नागरिक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायहरूको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासँग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३) विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरू सम्बोधन हुने गरी क्रियाकलापहरू तय गर्ने ।<br>४) लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका विभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने |

## परिच्छेद ३: थासाङ गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण

थासाङ गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरू तथा कमजोर पक्षहरू पहिँचान तथा विश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरूलाई रणनीतिक कार्ययोजनामा समावेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरूलाई स्थानीयकरण गर्दै चुनौतीहरूको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३: थासाङ गाउँपालिकाको लैससासका सवल पक्ष तथा कमजोर पक्ष**

| सवल पक्ष | कमजोर/सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| • लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति निर्माण भई लागु छ ।<br>• लैससास कार्यान्वयन तथा अनुगमन समिति र लैससास परिक्षण कार्यदल गठन भएको छ ।<br>• लैससास सम्पर्क व्यक्ति तोकी परिचालन गरिएको छ ।<br>• लैससास सम्बन्धी अन्तरक्रिया गोष्ठि संचालन भएको छ ।<br>• लैङ्गिक हिंसा निवारण कोष स्थापना र कोष सञ्चालन कार्यविधि निर्माण<br>• बाल संरक्षण नीति निर्माण भई लागु छ ।<br>• बाल संरक्षण कोष सञ्चालन कार्यविधि बनाइ कोस स्थापना गरिएको<br>• जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनाई कार्यान्वयन भएको<br>• जेष्ठ नागरिक क्लव गठन तथा परिचालन कार्यविधि<br>• अपाङ्ग परिचय पत्र वितरण कार्यविधि<br>• महिला विकास समिति गठन तथा परिचालन कार्यविधि<br>• बालविवाह बिरुद्ध रणनीतिक योजना<br>• कर्मचारी र जनप्रतिनीधिको आचारसंहिता<br>• न्यायीक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५ छ ।<br>• गर्भवती महिला सँग उपाध्यक्ष कार्यक्रम संचालित छ ।<br>• बार्षिक रुपमा लैससास परिक्षण शुरुवात भएको छ ।<br>• लैससास कार्यन्वयनमा पालिका अन्तरगतका शाखाहरू विच समन्वय र सहकार्य | • लैङ्गिक मैत्री व्यवहार नभएको<br>• सबै सार्वजनिक निकायमा लैससास मैत्री पुर्वाधार हुनु पर्ने<br>• लैससास सम्बन्धित गुनासो सुनुवाई संयन्त्र नभएको ।<br>• लैगिक उत्तरदायि बजेट कार्यन्वयन भए नभएको विश्लेषण गरिनु पर्ने ।<br>• स्तनपान कक्षको स्थापना र व्यवस्थापन गरिनु पर्ने ।<br>• गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा लैगिक मैत्री शौचालय र स्यानीटरी प्याडको व्यवस्था हुनु पर्ने ।<br>• कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका कार्यक्रम हुनु पर्ने ।<br>• महिला माथि हुने हिंसा अन्याय निरुपणको लागि लैससास मैत्री फैसला ।<br>• मेलमिलाप कर्ता र मेलमिलाप केन्द्रको व्यवस्थापन हुनु पर्ने ।<br>• बालविवाह, छुवाछुत तथा लैंङ्गिक हिंसाको अन्त्यका लागि कार्यक्रम सञ्चालन गरिनु पर्ने ।<br>• प्रजनन स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन हुनु पर्ने ।<br>• गलत सामाजिक अभ्यास र सामाजिक कुरिति प्रोत्साहनमा कर्मचारी र जनप्रतिनिधिको अप्रत्यक्ष संलग्नता ।<br>• लैससास दृष्टिले अनुगमन मूल्याङ्कन गरी प्रभाव विश्लेषण सहितको प्रतिवेदन तयार नहुनु र सोको आधारमा वार्षिक नीति तथा कार्यक्रम तयार नहुनु । |

**तालिका ४: थासाङ गाउँपालिकाको लैससासका अवसर र चुनौती**

| अवसर | चुनौती |
|---|---|
| राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत तथा कानुनी व्यवस्था हुनु जसलाई स्थानीय सरकारले अवलम्बन गर्न सक्ने । | लक्षित समूहको असिमित आकांक्षा र आवश्यकता सम्बोधन गर्नुपर्ने । |
| टोलविकास संस्था परिचालन गर्न सकिने | अन्तर पुस्ता विचको सम्बन्ध सुदृढिकरण |
| लक्षित समूह संजाल मार्फत योजना माग गरी कार्यान्वयनमा लैजान सकिने । | बाल विवाहको अन्त्य |
| महिला सञ्जाल, स्वावलम्वन समूह, बाल संजाल, किशोरी सञ्जाल | लैङ्गिक हिंसा तथा जातिय विभेदको अन्त्य |
| जेष्ठ नागरिक सञ्जाल, दलित सञ्जाल, अपाङ्ग सञ्जाल गठन भई परिचालित छन् । | लक्षित समूह र रोजगारी विचको तादाम्यता र व्यवस्थापन |
| गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरू | नीति कार्यक्रमको सम्बन्धमा लक्षित समूहलाई सुसुचित गराउने । |
| लैससास सम्वन्धि काम गर्ने संघसंस्था छन् । | पितृसतात्मक सोचाई परिवर्त गर्न नसक्नु |
| संघ प्रदेश तथा स्थानीय तहको सहयोग समन्वय | जेष्ठ नागरिक, अपाङ्ग परिचय पात्र प्रभावकारी कार्यान्वयन |
| लक्षितसमूह अत्यधिक रहनु । | नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयन |
| | योजना तर्जुमा प्रक्रियामा लक्षित समुदाय वर्ग, क्षेत्र लिङ्ग को अर्थपुण सहभागिताको सुनिश्चितता । |
| | नेतृत्व तहमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्वको सुनिश्चितता । |

## परिच्छेद ४: लैससास मूलप्रवाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्य मान्यता र औचित्यता

### ४.१. लैससास मूलप्रवाहिकरण रणनीतिको परिकल्पनाः

लैङ्गिक विभेद रहित, समतामूलक तथा सामाजिक समावेशीमैत्री थासाङ गाउँपालिका ।

### ४.२. ध्येयः

वञ्चितिकरणमा परेका वर्ग, लिङ्ग र समुदायको समग्र विकास, अवसर र सहभागितामा पहुँच सुनिश्चीत भएको हुनेछ ।

### ४.३. लक्ष्यः

समाजमा बिद्यमान विभेद र असमानतामा सकारात्मक परिवर्तन ल्याइ पाँच वर्ष भित्र बञ्चितिकरणमा परेका सबै वर्ग, क्षेत्र, जाती, लिङ्ग र समुदायलाई नीति निर्माण, शासन प्रक्रिया, सेवा प्रवाह र दिगो विकासको मुलप्रवाहमा समाहित गर्ने ।

### ४.४. रणनीतिक उदेश्यहरुः

१. समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान गरी विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।
२. बालश्रम, बाल बिबाह, बाल योन शोषण लगायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्नु ।
३. लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।
४. हानीकारक गलत सामाजिक अभ्यास, कुरीति लगायत सबै प्रकारका विभेदको अन्त्य गर्नु ।
५. अति विपन्न तथा पछाडी परेका बर्ग समूहको आर्थिक सशक्तिकरण गर्नु ।
६. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा ल्याउनु ।

### ४.५. लैससास मूलप्रवाहिकरण रणनीतिको मुल्य मान्यता

थासाङ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्य मान्यताहरूलाई आत्मसात गरिनेछ ।

१. समाजमा बिद्यमान सबै प्रकारका विभेद तथा लैङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अवलम्बन
२. न्यायमा पहुँच सुनिश्चितता र न्यायोचित बितरण प्रणाली व्यवस्थापन
३. सकारात्मक सोचको विकास र लैससासमैत्री व्यवहार अवलम्बन
४. समावेशी तथा अर्थपुर्ण सहभागिता
५. पिडित तथा प्रभावित र असाहयहरूको संरक्षण प्रणाली व्यवस्थापन
६. साझेदारी र सहकार्य ।

## परिच्छेद ५: प्रमुख रणनीति तथा कार्यनीतिहरू

गाउँपालिकाको लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरू:

### तालिका ५: थासाङ गाउँपालिकाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य नं. १: समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।** | |
| १.१: लक्षित समूह पहिँचान सहितको खण्डिकृत तथ्यांक संकलन तथा नियमित अद्यावधिक गर्ने । | १. वडा तहमा खण्डिकृत तथ्यांक नियमित अद्यावधीक गरी लक्षित बर्ग तथा समूहको पहिँचान र प्राथमिकिकरण गरिनेछ ।<br>२. खण्डिकृत तथ्यांक संकलनका लागि आवश्यक मानवस्रोत तथा बजेटको व्यवस्थापन गरिनेछ । |
| १.२: महिला, एकल महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने । | १. बिपन्न एवम् बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी बार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>२. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरूको जिविकोपार्जनमा सुधार गरिनेछ ।<br>३. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गरिनेछ ।<br>४. गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन जनचेतना तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । |
| १.३: निर्णायक तहमा लैङ्गिक तथा सामाजिक समावेशी हिसावले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । | १. गाउँपालिकाको हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिहरूको नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. लक्षित समूहका मानिसहरूलाई निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरू र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरूको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. टोल, वडा हुदै गाउँपालिका तहका संरचनाहरूमा लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले कार्यबिधि बनाई लागु गरिनेछ । |
| **उद्देश्य नं. २: बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य भएको गर्नु ।** | |
| २.१: बालश्रम अन्त्य भएको गाउँपालिका घोषणा गर्ने । | १. बालश्रम बिरुद्ध आवधिक कार्ययोजना बनाई लागु गरिनेछ ।<br>२. टोलबस्ती र वडा तहदेखि बालश्रमको तथ्यांक संकलन र नियमित अद्यावधिक गरिनेछ ।<br>३. बालश्रम बिरुद्ध सामाजिक जागरणका अभियान टोलबस्ती सम्म ब्यापक बनाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. बाल श्रम बिरुद्ध जनचेतना अभिबृद्धिका लागि योजना तथा बजेट सुनिश्चित गरिनेछ ।<br>५. अति बिपन्न तथा पछाडी परेका परिवारहरूको जिविकोपार्जनमा सुधार गर्न आयआर्जन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट सुनिश्चित गरिनेछ । |
| २.२: बाल बिबाह अन्त्य भएको गाउँपालिका घोषणा गर्ने । | १. बाल बिबाह बिरुद्ध गाउँपालिकाले निर्माण गरेको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गरिनेछ ।<br>३. बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गरिनेछ । |
| २.३: सबै प्रकारका बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्ने । | १. गाउँपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. बालबालिकको पुर्ण खोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।<br>३. सबै सार्वजनिक निकायहरूमा स्तनपान कक्ष व्यवस्थापन सम्बन्धी कार्यबिधि बनाई लागु गरिनेछ ।<br>४. सबै सार्वजनिक निकायहरूमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागु गरिनेछ ।<br>५. बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका विभेद बिरुद्ध कानुनी साक्षरता कक्षा संचालन गरिनेछ ।<br>६. बालमैत्री व्यवहार अबलम्बनका लागि सबै सरोकारवाला बिच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम संचालन गरिनेछ । |
| **उद्देश्य नं. ३: लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।** | |
| ३.१: लैङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्बन गर्ने । | १. लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणाका लागि आवधिक कार्य योजना बनाई लागु गरिनेछ ।<br>२. लैङ्गिक हिंसा बिरुद्धका अभियानहरू संचालनका लागि सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरिनेछ ।<br>३. गाउँपालिकाको बार्षिक नीति तथा योजनामा लैङ्गिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।<br>४. जनचेतनामूलक अभियान व्यापक बनाउन टोलबस्ती सम्मको संरचना बनाई परिचालन गरिनेछ ।<br>५. लैङ्गिक हिंसा बिरुद्धका कानुनी प्राबधानहरूको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित संचालन गरिनेछ ।<br>६. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडित तथा प्रभावितहरूलाई न्यायिक उपचारको अबधीभर सुरक्षति आवासका लागि सुरक्षीत आश्रयस्थलको व्यवस्थापन गरिनेछ ।<br>७. लैङ्गिक हिंसा पिडितहरूको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्बन सुनिश्चत गर्न लैङ्गिक हिंसा बिरुद्धको कोष परिचालन गरिनेछ ।<br>८. महिलाको मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श सेवा सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **३.२:** सबै प्रकारका विभेदकारी मुल्यमान्यता बिरुद्ध वकालत क्षमता बृद्धि गर्ने । | १. समुदायस्तरमा प्रचलित कुरीति र कुसंस्कार अन्त्य गर्ने खालका सृजनात्मक कार्यक्रमहरू जस्तैः जातीय विभेद, सामाजिक विभेद, लैंङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| **उद्देश्य नं. ४: लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा ल्याउनु ।** | |
| **४.१:** लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्राबधानहरूको स्थानीयकरण गर्ने । | १. लैससास सम्बन्धी राष्टिय नीति तथा कानुन र अन्तराष्टि प्राबधान अनुरुप स्थानीय कानुन तथा र कार्यबिधि बनाई लागु गरिनेछ ।<br>२. नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानून, सन्धी, महासन्धी र सम्झौताहरूको वारेमा गाउँपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरूमा व्यापक जानकारी गराइनेछ ।<br>३. महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानूनहरू र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुलक अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. दिगो विकास एजेण्डा, २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरू र उक्त लक्ष्य अन्तर्गतका सूचकहरू साथै दिगो विकास लक्ष्य नं. ५ ले निर्दिष्ट गरेको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बारेमा गाउँकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा बार्षिक नीति तथा कार्यक्रम र बजेटको विनियोजनमा प्राथमिकता दिइनेछ ।<br>५. शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्धन्द्ध र द्धन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरूको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरू र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराइनेछ ।<br>६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरूको बारेमा गाउँपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गरिनेछ । |
| **४.२:** लैंससामैत्री संयन्त्र र सेवा प्रवाह सुनिश्चित गर्ने । | १. गाउँपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवाला बीच सञ्जाल गठन गरी नियमित कार्य गरिनेछ ।<br>२. लैससास इकाई/शाखा स्थापना गरिनेछ ।<br>३. गाउँपालिकाको लैससास इकाई/शाखामा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैंङ्गिक सम्पर्क व्यक्ति नियुक्त गरिनेछ ।<br>४. गाउँपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरूमा नेपाल सरकारको नीति अनुरुप लैंङ्गिक समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।<br>५. गाउँपालिकाका सबै संयन्त्रहरू र गाउँपालिका भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरूमा लैंङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. गाउँपालिका, वडा कार्यालय र यस क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण गरिनेछ ।<br>७. गाउँपालिका क्षेत्रमा गठित उपभोक्ता समिति, टोल विकास गरिनेछ ।<br>८. संस्था जस्ता समुह गठन गर्दा लक्षित समुदायहरूको समावेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाइनेछ ।<br>९. गाउँपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरूबाट संचालित योजना तथा कार्यक्रमहरूको बार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गरिनेछ ।<br>१०. गाउँपालिकाका सबै वडाहरूका बस्तीहरूमा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गरिनेछ ।<br>११. महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको गाउँपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरूको सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।<br>१२. गाउँपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैंङ्गिक सम्वेदनशील कार्य प्रणाली अवलम्वन गरिनेछ । |
| **उद्देश्य नं. ५ः अति विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सशक्तिकरण गर्नु ।** | |
| **५.१ः** आयआर्जन तथा स्वरोजगार मार्फत जिविकोपार्जनमा सुधार ल्याउने । | १. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत बिपन्न तथा वञ्चित समूहका लागि सिपमूलक कार्यक्रम र आवश्यक प्रबिधि उपलब्ध गराइनेछ ।<br>२. गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना र सुधार गरिनेछ ।<br>३. बिपन्न एवम् बञ्चित समुदायलाई स्थानीय स्रोत तथा सेवामा आधारीत व्यवसाय तर्फ आकर्षित गर्न बार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>४. गाउँपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडी परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।<br>५. आम गृहणी महिलाहरूलाई उत्पादनमूलक कार्यमा सरिक गराउन गृहणी महिला उत्थान कार्यक्रम संचालन गरिनेछ ।<br>६. रोजगारीमा लक्षित समूहको पहुँच बढाउन लक्षित समूह केन्द्रीत लोकसेवा तयारी कक्षा संचालन गरिनेछ । |

## परिच्छेद ६: लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति कार्यान्वयन तथा अनुगमन

### ६.१. लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको कार्यान्वयन

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिले निर्दिष्ट गरेका क्षेत्र तथा बिषयहरू प्रति संवेदनशिल भई गाउँपालिकाको नियमित शासन पद्धती तथा सेवा प्रवाह र कार्यप्रणालीलाई लैङ्गिक तथा समावेशीमैत्री बनाउन गाउँपालिकाका नेतृत्व पंक्ति, जनप्रतिनिधीहरू र कार्यरत सबै कर्मचारीहरूलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशी रणनीतिको कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत अवधारणागत स्पष्टता गराई प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रहरू लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार र निजीक्षेत्र समेतलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रे्रित गरिनेछ ।

#### ६.१.१. लैससास मूलप्रवाहिकरणका लागि संस्थागत संयन्त्र

गाउँपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरूमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैङ्गिकमैत्री बनाइनेछ । गाउँपालिकाको सबै संरचनाहरूमा संस्थागत व्यवस्थापन साथै परिचालन सम्बन्धी सिपको विकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरू स्थापना र व्यवस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

(ख) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरू र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरूलाई सहजताका लागि लैङ्गिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

(ग) गाउँपालिकामा कार्यरत कर्मचारीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशी अवधारणा र अभ्यासहरूका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रवाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री बनाइनेछ ।

(घ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्था बारे जनप्रतिनिधी लगायत कर्मचारीहरूमा अभिमूखिकरण गराई लैङ्गिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गरिनेछ ।

(ङ) गाउँपालिका क्षेत्र भित्रका लैङ्गिक विभेद तथा लैङ्गिक हिंसाहरू र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गरिनेछ ।

(च) वडास्तरको सबै वस्तीहरूमा सबै बर्ग समुदायका मानिसहरूको समानुपातिक सहभागिता गराई टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रियामा र सामुदायिक विकासका कार्यमा क्रियाशिल बनाइनेछ ।

(छ) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरू र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, जनजाति, एकल महिला, अपांगता भएका व्यक्तिहरू लगायत पछाडि पारिएका समुदायहरूको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरूको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

### ६.२. समन्वय एवम् साझेदारी

गाउँपालिकाबाट संचालन गरिने हरेक योजना तथा कार्यक्रमहरू र बजेट बिनियोजन प्रक्रिया लैङ्गिकमैत्री र समावेशी हिसावले सुनिश्चित गर्न गाउँपालिकामा क्रियाशिल सबै संयन्त्रहरू र यस क्षेत्रभित्रका सरोकारवालाहरू बिच समन्वय र साझेदारी हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा यस क्षेत्रभित्र कार्यरत विभिन्न सरकारी, गैरसरकारी निकायहरू, विकास साझेदारहरू, निजि क्षेत्र, सामुदायिक समूहहरू र आम नागरिकहरूबीच नियमित समन्वय र साझेदारी गरिनेछ ।

### ६.३. अनुगमन प्रणाली

थासाङ गाउँपालिकाबाट निर्माण गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति र रणनीति प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न बार्षिक रुपमा लैङ्गिक समानता तथा सामजिक समावेशिकरण परिक्षण गर्नुका साथै गाउँपालिका र वडा तहमा अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

#### ६.३.१. लैंगिक समानता तथा सामाजिक समावेशी बजेट परिक्षण

गाउँपालिकाबाट लैंङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन भए नभएको बिषयमा नियमित लेखाजोखा गरिनेछ । महिला, बालबालिका तथा वञ्चित समूहहरूका सन्दर्भमा कुल विनियोजित रकमको कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिकरूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको प्रतिवेदन तयार गरी सुधारका लागि आवश्यक सुझाव प्रदान गरिनेछ ।

गाउँपालिकाको अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैससास शाखाका प्रतिनिधीहरूको प्रतिनिधित्व गराइनेछ । साथै उक्त टोलीमा महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

#### ६.३.२. अनुगमन संयन्त्र गठन तथा परिचालन

थासाङ गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशी नीतिले निर्दिष्ट गरेका नीति, रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी आवश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरी पचिालन गरिनेछ । लैङ्गिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकिएको ढाँचामा बार्षिक प्रतिवेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

गाउँपालिकाद्धारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरी लैससास रणनीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरी राष्ट्रिय कार्यविवरण तोकिएको छ ।

**(क) गाउँपालिकास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) सामाजिक शविकास समिति संयोजक | सदस्य |
| ५) पालिकास्तरीय लक्षित समूह सञ्जालबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित २ जना प्रतिनिधी | सदस्य |
| ६) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य सचिव |

**(ख) लैससास अनुगमन तथा निर्देशन समितिको काम कर्तव्य र अधिकार**

१) लैससास कार्यान्वयन तथा अनुगमन समितिको बैठक संचालन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।

२) बिभिन्न सरोकारवालाको सहभागितामा बार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरू कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

३) लैङ्गिक, सामाजिक, भौगोलिक, आर्थिक तथा सास्कृतिक दृष्टिले पछाडी परेका समूहको समग्र स्थितिको अध्ययन तथा विश्लेषण गरी आवश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत सुधारका बिषयमा गाउँसभमा सिफारिस गर्ने ।

४) लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आवश्यक सुझाव दिने ।

५) लैससास नीति तथा रणनीतिसँग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा आवश्यकता अनुसार सहयोग तथा समन्वय गर्ने र नियमित अनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीत बिषयगत शाखा तथा निकायहरूलाई सुझाव पेश गर्ने ।

६) वडा तह र समग्र गाउँपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलन तथा विश्लेषण गरी सोही अनुरुप बार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्न योजना तर्जुमा समिति र गाउँसभामा सिफारिस गर्ने । ।

७) लैससास बजेट परिक्षण कार्यदल सँग समन्वय गरी सबार्षिक रुपमा लैससास बजेट परिक्षण गर्न अभिप्रेरित गर्ने ।

८) लैङ्गिक हिंसा, घरेलु हिंसा, लैङ्गिक विभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरूको संरक्षणका लागि राहात, पुनस्थापन र र वैकल्पिक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

९) लैससास नीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि सुझावहरू पेश गर्ने ।

१०)लैससास सम्बन्धी रास्ट्रिय तथा अन्तरास्ट्रिय नीति तथा कानुनहरूको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउन बिभिन्न सरोकारवाला निकाय बिच नियमित समन्वय र साझेदारी गर्ने ।

**(ग) वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष | संयोजक |
| २. | वडा समितिका सदस्यहरू | सदस्य |
| ३. | वडास्तरीय लक्षित समुह सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| ४. | वडास्तरीय बाल संजालको अध्यक्ष | सदस्य |
| ५. | वडा सचिव | सदस्य सचिव |

**(घ) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम कर्तब्य र अधिकार**

१) लैंससास हिसावले वडा तहको खण्डिकृत तथ्याङ्क संकलन तथा नियमित अद्यावाधिक गर्ने गराउने व्यवस्था मिलाउने ।

२) वडातहका योजना तर्जुमा छनौट प्रकृयामा विपन्न तथा बञ्चित वर्ग र महिलाहरूलाई अनिवार्य सहभागी गराउने वातावरण मिलाउने ।

३) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरूको सूचना, श्रोत र साधनमा पहुँच तथा लाभ प्राप्तीमा समावेशी पहुँच सुनिश्चित गर्ने ।

४) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आवश्यक सुझाव दिने ।

५) गाउँपालिकाले लैससास रणनीतिमा प्राथमिकिकरण गरेका लक्षित समुहको आर्थिक सामाजिक र राजनैतिक शसक्तिकरणका लागि योजना तथा कार्यक्रम बनाई गाउँसभामा पेश गर्ने ।

६) वडास्तरमा संचालित योजना तथा कार्यक्रमहरू लैससासमैत्री भए नभएको अनुगमन गरी लैससास उत्तरदायी बनाउन पहल गर्ने ।

### ६.३.३ निष्कर्षः

समाजमा विद्यमान लैङ्गिक विभेद तथा जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मुल्य मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरूलाई निरुत्साहित गर्न तथा नेपाल सरकारद्धारा निर्माण गरी जारी गरिएका राष्ट्रिय नीति तथा कानुनहरू र लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्न गराउन निरन्तरता दिन थासाङ गाउँपालिकाको लैससास नीति २०७९ निर्माण गरी लागु गरिएको छ ।

# अनुसूचीहरू

## अनुसुची १: लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना

### तालिका ६: लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना

| रणनीतिक उद्देश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने/नेतृत्व लिने |
|---|---|---|---|---|
| समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित हुनेछ । | • हरेक वडाबाट खण्डिकृत तथ्यांक संकलन तथा अद्याबधीक गर्न आवश्यक बजेट र जनशक्तिको व्यवस्था गर्ने ।<br>• योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको सहभागिता सुन्शिचिततका लागि जनचेतना तथा क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।<br>• लक्षित बर्ग समुदायलाई आर्थिक सशक्तिकरणका लागि सिपमूलक व्यबसायिक तालीम, प्रबिधि हस्तान्तरण र बजारीकरणका सम्बन्धी कार्यक्रम र बजेट सुनिश्चित गर्ने | आ.व. २०७९/०८० देखि निरन्तर कार्यान्वयन । | लक्षित गरिएका महिला, दलित, अपाङ्ग, जनजाती, एकल महिला, अतिविपन्न, दुर्गम बस्तीका समुदाय आदि । | गाउँकार्यपालिका,<br>सुचना शाखा,<br>महिला तथा बालवालिका शाखा |
| बालश्रम, बाल बिबाह, बाल योन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको न्यूनिकरण भएको हुनेछ । | • बाल बिबाह बिरुद्धको करणन्तिक योजनाको पुर्ण कार्यान्वयनका लागि टोलबस्तीस्तरमा संयन्त्र गठन गरी परिचालन गर्ने ।<br>• बाल श्रम नीति अनुरुप बाल श्रम बिरुद्ध अभियानका लागि संयन्त्र तथा सरोकारवाला परिचालन गर्ने ।<br>• सबै बालबालिकाहरूलाई शिक्षामा पहुँचका लागि बिद्यालय भर्ना अभियानलाई बस्तीस्तर सम्म नियमित संचालन साथै अभिलेखिकरण चुस्त दुरुस्त राख्ने ।<br>• कक्षा १२ सम्मको निशुल्क शिक्षाका लागि गाउँपालिकाले आवश्यक बजेट तथा जनशक्तिको व्यवस्था गर्ने ।<br>• अतिबिपन्न बालबालिका, असाह्य बालबालिकाहरूका लागि निशुल्क पाठ्य सामाग्री व्यवस्था गर्न आवश्यक बजेट तथा योजना कार्यान्वयन गर्ने । | २०७९/०८० देखि निरन्तर | सबै प्रकारका बालबालिका, अतिबिपन्न तथा असाह्य बालबालिका, महिला, एकल महिला, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, बिपनन तथा बिकट र दुर्गम बस्तीका समुदाय । | शिक्षा शाखा,<br>स्वास्थ्य शाखा |

| रणनीतिक उद्देश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने/नेतृत्व लिने |
|---|---|---|---|---|
| | ✎ सबै बालबालिकाहरूलाई पुर्ण खोपको व्यवस्था गर्ने ।<br>✎ पोषण कर्नर स्थापना गर्ने ।<br>✎ बालश्रम मुक्त वडा तथा गाउँपालिका घोषणाको लागि आबधिक कार्ययोजना बनाई लागु गर्ने गराउने<br>✎ गाउँपालिकाको सबै संरचनामा स्तनपान कक्ष व्यवस्थापन गर्ने ।<br>✎ अभिमूखिकरण कार्यक्रम संचालन गर्ने । | | | |
| लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ । | ✎ लैङ्गिक हिंसामुक्त गाउँपालिका घोषणाका लागि गाउँपालिकाको आवधिक कार्ययोजना बनाई लागु गर्ने गराउने ।<br>✎ घरेलु हिंसा तथा लैङ्गिक हिंसा बिरुद्ध कानुनी प्रावधानहरू बारे समुदाय तहमा कानुनी साक्षरता तालीम तथा अभिमूखिकरण संचालन गर्ने ।<br>✎ लैङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्वनका लागि आचारसंहिता बनाई सबै सार्वजनिक कार्यालयमा टाँस गर्ने ।<br>✎ गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र बनाई लागु गर्ने ।<br>✎ न्यायिक समिति लगायत मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरूको क्षमता विकास गरी परिचालन गर्ने<br>✎ घरेलु हिंसा अन्त्यका लागि वडा तथा समुदाय तहमा जोडी तालीम तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>✎ मदिरा सेवनका कारण अधिकांस घरेलु हिंसा हुने भएकोले मदिरा बिक्रि बितरण तथा सेवनलाई नियमन गर्न गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने ।<br>✎ लैङ्गिक हिंसा र घरेलु हिंसा बिरुद्धका अभियान मार्फत टोल हुदै वडा र गाउँपालिका घोषणाको कार्ययोजना बनाई लागु गर्ने । | २०७९/०८० देखि निरन्तर | महिला, एकल महिला, असाह्य महिला, बालिका, किशोरी, मदिरा सेवान गर्ने पुरुष, होटल व्यवसाय,सबै सरोकारवाला निकाय । | गाउँकार्यपालिका,<br>लैंससास सम्पर्क व्यक्ति<br>महिला तथा बालवालिका शाखा |

| रणनीतिक उद्देश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने/नेतृत्व लिने |
|---|---|---|---|---|
| हानीकारक गलत सामाजिक अभ्यास, कुरीति लगायत सबै प्रकारका विभेदको अन्त्य भएको हुनेछ । | ✎ लैङ्गिक मैत्रि बालमैत्री, अपांगमैत्री संरचना निर्माणसम्बन्धी गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने गराउने ।<br>✎ अति बिपन्न, असाह्य, ज्येष्ठ नागरिकका लागि निशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्ने ।<br>✎ घरमा सुत्केरी गराउने संख्या सुन्यमा झार्न जनचेतना र प्रोत्साहनका कार्यक्रमबारे समुदाय तहसम्म व्यापक जानकारी गराउने तथा प्रचार प्रसार गर्ने ।<br>✎ सुरक्षीत मातृत्व र प्रजनन् अधिकार बारे महिला समूह, आमा समूह र सहकारीका सदस्यहरू बिच अन्त<br>✎ बहुविवाह, जातिय छुवाछुत विषयमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>✎ दाईजो प्रथा, छुवाछुत प्रथा, धामीझाक्रि प्रथा, मदिरा नियमन तथा नियन्त्रणका लागि कार्यबिधि बनाई लागु गर्ने गराउने ।<br>✎ सबै प्रकारका विभेद, बाल बिबाह, बहुबिबाह लगायत सामाजिक अपराध बिरुद्ध जनचेतना अभिबृद्धि गर्न कानुनी साक्षरता कक्षा संचालन गर्ने । | आ.व. २०७९/०८० देखि निरन्तर | सबै प्रकारका बालबालिका, अति बिपन्न तथा असाह्य बालबालिका, अपांग बालबालिका, दुर्गम तथा बिकट बस्तीमा बस्ने बालबालिका । | गाउँकार्यपालिका, महिला बालवालिका शाखा, क |
| अति विपन्न तथा पछाडी परेका बर्ग समूहको आर्थिक सशक्तिकरण भएको हुनेछ । | ✎ लक्षित समूहको आयआर्जन बृद्धिका सम्बन्धी योजना तथा कार्यक्रममा निश्चित प्रतिशत बजेटको व्यवस्था गर्ने ।<br>✎ लक्षित समूह केन्द्रीत सिप तथा रोजगारमूलक तालीम र आवश्यक प्रबिधि हस्तान्तरण गर्ने ।<br>✎ उत्पादित बस्तु तथा सेवाको बजारीकरणका लागि सहयोग तथा समन्वय बिस्तार गर्ने ।<br>✎ कृषिको आधुनिकिरकण सम्बन्धी कार्ययोजना बनाई लागु गर्ने । | आ.व. २०७९/०८० देखि निरन्तर पाँचौं वर्ष सम्म | महिला, बालबालिका, दलित, जनजाती, एकल महिला , जेष्ठ नागरिक, समग्र महिला, अपाङ्ग ता भएका ब्यक्ति, हिंसा पिडित तथा पिडक परिवार आदि । | गाउँकार्यपालिका, र वडा कार्यालय |
| लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ । | ✎ गाउँपालिकामा कार्यरत सम्बन्धीत सार्वजनिक, सामाजिक तथा निजी सबै सरोकारवाला निकाय वा ब्यक्ति बिच | आ.व. २०७९/०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, | गाउँकार्यपालिका, महिला तथा बालबालिका शाखा |

| रणनीतिक उद्देश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने/नेतृत्व लिने |
|---|---|---|---|---|
| | निरन्तर समन्य र सहकार्य गर्न महिला बालबालिका शाखालाई जिम्मेवारी तोकीनेछ ।<br>✍ गाउँपालिकाका लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी कार्यक्रम तथा बजेट एकद्धार प्रणाली मार्फत कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।<br>✍ लैससास सम्बन्धी बनेका नीति तथा कानुन कार्यान्वयन गर्न गराउन सबै सरोकारवाला र लक्षित समुह बिच अभिमूखिकरण मार्फत जानकारी गराई कार्यान्वयन गर्न निर्देशन तथा प्रोत्साहन गरिनेछ । | | स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि | |

## अनुसुची २: अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची

- ✓ गाउँपालिकाको लैंससास नीति २०७७
- ✓ बालबिबाह बिरुद्ध रणीनतिक योजना २०७५
- ✓ बाल संरक्षण नीति २०७८
- ✓ बाल अधिकार समिति गठन कार्यबिधि २०७७
- ✓ बाल संरक्षण कोष संचालन तथा ब्यबस्थापन कार्यबिधि २०७७
- ✓ बाल समूह संजाल गठन ब्यबस्थापन तथा सहजीकरण निर्देशिका २०७७
- ✓ ज्येष्ठ नागरीक क्लव गठन तथा संचालन कार्यबिधि २०७७
- ✓ गाउँपालिकाको पाश्र्वचित्र २०७४
- ✓ न्यायीक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५
- ✓ नेपालको संविधान २०७२
- ✓ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन
- ✓ लैससास सम्बन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्रावधानहरु